बैठक सख्या : ६८
मिति २०७८/१०/१४गते

**प्रस्तावहरु :**

(क) योजना संशोधन प्रस्ताव सम्बन्धमा,
(ख) सिटीहलको पार्किङ्ग शुल्क संकलन, कोठा भाडा तथा अस्थाई संरचना निर्माण सम्बन्धी ठेक्काको अनुमोदन सम्बन्धमा,
(ग) राजस्वका दररेट पारित सम्बन्धमा,
(घ) नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ अनुसार प्रस्ताव पेश गर्ने सम्बन्धमा,
(ङ) कर्मचारीको दरबन्दी सृजना गर्ने सम्बन्धमा,
(च) त्रिवेणीधामको IEEप्रतिवेदन पारीत गर्ने सम्बन्धमा,
(छ) बेरुजु सम्परीक्षणको लागि सिफारिश गर्ने सम्बन्धमा,
(ज) टेम्पो, अटोरिक्सा, रिक्साको रुट ईजाजत लिने तथा नविकरण गर्ने म्याद थप गर्ने सम्बन्धमा,
(झ) विविध ।
(१) पत्रकार महासंघ शाखा स्याङ्जालाई भवन निर्माण गर्ने जग्गा थप गर्ने सम्बन्धमा,
(२) योजनाको म्यादथप सम्बन्धमा,
(३) वडाका मेलमिलापकर्ताको सूचिकरण सम्बन्धमा,
(४) पूर्ण सरसफाइ युक्त नगरपालिका घोषणा सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धी कार्य दल पूर्नगठन गर्ने सम्बन्धमा ।

निर्णय नं. १ :
यस नगरपालिकाको नवौ नगरसभाबाट पारित भएका तपसिल बमोजिमका नगरस्तरीय तथा वडास्तरीय योजनाहरु संशोधन गरी कार्यान्वयन गर्नु पर्ने भएकोले तपसिल बमोजिमका योजना संशोधनको लागि आगामी दशौ नगरसभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल :

(क) नगरस्तरीय योजनाहरु :
आर्थिक वर्ष २०७८/७९ को लागि नवौ नगरसभाले पारित गरेका तपसिल बमोजिमका योजनामा बिनियोजीत बजेट संशोधन गरी निम्नानुसार थपघटको लागि प्रस्ताव गरिएकोछ ।

| क्र. सं. | ब.ख. शिर्षकनं. | बजेट खर्च शिर्षक | बिनियोजीत रकम | थपिएको | घटाईएको | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| **(क) कार्यालय सञ्चालन तर्फ** | | | | | | |
| १ | २२११२ | संचार महशुल | १८०० | | ३०० | १५०० |
| २ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७७०० | | ७०० | ७००० |
| ३ | २२४१२ | सेवा र परामर्श खर्च | २५०० | | ५०० | २००० |
| ४ | २२५११ | सूचना प्रणाली तथा सफ्टवयर खर्च | १००० | | ४०० | ६०० |
| ५ | २२५१३ | मेसन तालिम भुकम्प प्रतिरोधी तालिम सिकर्मी डकर्मी | १००० | | ४०० | ६०० |
| ६ | २२५२१ | उपभोक्ता समितिलाई अभिमुखीकरण | ७०० | | ७०० | ० |
| ७ | २२५२२ | लैङ्गिक परीक्षण | ३०० | | २०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | २२५२२ | वडाहरुमा मेलमिलाप पदाधिकारीहरुलाई अभिमूखीकरण | ५०० | | १०० | ४०० |
| ९ | २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २०० | | २०० | ० |
| १० | २२७२१ | सभा सञ्चालन खर्च | १२०० | | २०० | १००० |
| ११ | ३११२१ | सवारी साधन | ६००० | | ६००० | ० |
| १२ | ३११६१ | ईजलास निर्माण, फर्निचर समेत | २००० | | २००० | ० |
| १३ | | तलब भत्ता | | ३००० | | ३००० |
| | | **जम्मा रु.** | २४९०० | ३००० | ११७०० | १६२०० |
| | | (ख) नगरस्तरीय कार्यक्रम तर्फ | | | | |
| १४ | | मर्मत संभार कोष तर्फ | ४००० | २२०० | ० | ६२०० |
| १५ | | स्थानीय विकास विशेष कोष | ४००० | २२५९ | ० | ६२५९ |
| १६ | | नगरस्तरीय पूर्वाधार निर्माण | ० | ६५० | ० | ६५० |
| १७ | | मालेवगर कवर्डहल निर्माण | ११७०० | | २७०० | ९००० |
| १८ | | नयाँबजार ठुलाडिही मसर्का सडक | १५७५० | | १००० | १४७५० |
| १९ | | जाडखोला पेल्काचौर सडक | १६६५० | | १००० | १५६५० |
| २० | | पूर्ण सफाइ कार्यक्रम | ४५० | १५५० | ० | २००० |
| २१ | | सार्वजनिक तथा विपन्न नागरिक शौचालय निर्माण | १८०० | ० | १०३५ | ६१५ |
| | | वडा नं. १० मा सार्वजनिक शौचालय संरक्षणको लागि वाल निर्माण | | १५० | ० | १५० |
| २२ | | दिशाजन्य फोहर बिसर्जन पूर्वाधार निर्माण | ९०० | | ९०० | ० |
| २३ | | कोरोना प्रभावित अति विपन्न महिला लक्षीत कार्यक्रम युनडिपिसंग साझेदारी | ५००० | | २००० | ३००० |
| २४ | | लिफ्टीङ्ग खानेपानी योजना विद्युत महशुल अनुदान | ९०० | | ९०० | ० |
| २५ | | कोरोनाबाट मृत्यु भएका व्यक्तिलाई किरिया खर्च | २७० | १८० | ० | ४५० |
| २६ | | कोरोनाबाट बाबु आमा दुबै गुमाएका बालबालिकालाई अनुदान | १८० | | १८० | ० |
| २७ | | राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान | २०० | | २०० | ० |
| २८ | | नयाँ प्रविधि आविश्कारक विद्यार्थिलाई प्रोत्साहन अनुदान | १०० | | १०० | ० |
| २९ | | बाँदर आतंक न्यूनीकरण कार्यक्रम | १००० | | १००० | ० |
| ३० | | पाईपबाट ग्याँस वितरण | १८०० | | १८०० | ० |
| ३१ | | युवाहरुलाई खेलकुद सामाग्री वितरण | ७०० | | ७०० | १४०० |
| ३२ | | नगरस्तरीय भलिभल प्रतियोगीता | ८०० | | ६०० | १४०० |
| ३३ | | वृतचित्र निर्माण | २०० | २०० | | ४०० |
| | | **जम्मा रु.** | ६६४०० | ८३३९ | १२८१५ | ६१९२४ |
| | | **(ग) उद्योग, वन वातावरण तथा विपद् व्यवस्थापन शाखा तर्फ** | | | | |

| क्र. सं. | बजेट खर्च शिर्षक नं. | बजेट खर्च शिर्षक | बिनियोजीत रकम | थपिएको | घटाईएको | कायम हुने बजेट |
|---|---|---|---|---|---|---|
| ३१ | | बहु व्यवस्थापन र जलवायु परिवर्तन सचेतीकरण गोष्ठी, खुल्ला स्थानमा सार्वजनिक शौचालय, पिउने पानीपहुँच मार्ग निर्माण एवं व्यवस्थापन, संकटासंमुख वस्ती तथा स्थानको नक्साङ्कन र संरक्षण | ३०० | | १०० | २०० |
| ३२ | | पर्यटन पूर्याधार विकास कार्यक्रम तथा प्रवर्धनात्मक कार्यक्रम समपूरक समेत | ५०० | | ३०० | २०० |
| ३३ | | पूर्नताजगी तालिम, घर भित्रै फोहर मैला वर्गिकरण र व्यवस्थापन सम्बन्धमा | ३०० | | ८५ | २१५ |
| | | जम्मा रु. | ११०० | | ४८५ | ६१५ |
| | | **(घ) स्वास्थ्य शाखा तर्फ** | | | | |
| ३२ | | एम्बुलेन्स खरिद | १००० | | १००० | ० |
| | | **जम्मा रु.** | १००० | | १००० | ० |
| | | **(च) कृषि विकास शाखा तर्फ** | | | | |
| ३४ | | पवर टेलर (हाते ट्याक्टर) वितरण तालिम सहित | ४९०९ | | ३६३ | ४५४६ |
| ३५ | | हाईटेक नरशरी स्थापना | १७५० | | १७५० | ० |
| | | **जम्मा रु.** | ६६५९ | ० | २११३ | ४५४६ |
| | | **(छ) शिक्षा शाखा तर्फ** | | | | |
| ३७ | | सुत्केरी सट्टा शिक्षक व्यवस्थापन अनुदान | ८०० | | ५०० | ३०० |
| ३८ | | बालविकास केन्द्रका शिक्षक, विद्यालयका कर्मचारी, शिक्षकहरुको पारिश्रमिक | ० | २१११८ | ० | २१११८ |
| | | **जम्मा रु.** | ८०० | २१११८ | ५०० | २१४१८ |
| | | **कुल जम्मा रु.** | १००८५९ | ३२४५७ | २८६१३ | १०४७०३ |

(ख) वडास्तरीय योजनाहरु :

स्वीकृत अनुदान, योजना तथा कार्यक्रमहरुको संशोधन
आ. व. २०७८।७९ को लागि नवौ नगरसभाले पारित गरेका तपशिल बमोजिमका योजना तथा कार्यक्रम र रकम दशौ नगरसभाबाट संशोधनको लागि प्रस्तावगरिएकोछ ।

| क्र. स. | साविकको योजना तथा कार्यक्रमको नाम | रकम | स्तरीय | वडा नं. | संसोधनहुने योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन कोभिड १९ कार्यक्रम | ५५०००।० | वडास्तरीय | १ | नाला सरसफाई तथा बाटो मर्मत | ५५०००।० |
| २ | जलकन्या देवी पर्खाल निर्माण | १५००००।० | वडास्तरीय | २ | ज्यामिरे बहुउदेश्य भवन | ७२५०००।० |
| ३ | ज्यामिरे भुजेलथर खानेपानी | ७००००।० | वडास्तरीय | २ | | |
| ४ | काफलबोट डिलाघर ग्रा स | १०००००।० | नगरस्तरीय | २ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | काफलबोट डिलाघर मुखिया टोल ग्रा स | १३५०००।० | नगरस्तरीय | २ | | |
| ६ | ज्यामिरे बहुउदेश्य भवन | २७००००।० | नगरस्तरीय | २ | | |
| ७<br>८ | नेवारेखोला सामज घर | १८००००।० | नगरस्तरीय | २ | काभ्रे सामुदायीक भवन अधुरो | १३००००।० |
| | | | | | हुनीकोट समाज घर | ५०००।० |
| ९ | पूर्ण सरसफाई घोषणा अभियान | ५०००।० | वडास्तरीय | ४ | रामकोश खोपकेन्द्रमा शौचालय निर्माण | ५०००।० |
| १०<br>११ | महिला उद्यमशिलता अभिमुखिकरण कार्यक्रम | ५०००।० | वडास्तरीय | ४ | गल्छिना डाँडाको बारी गो.वा. नि. | ४०००।० |
| | | | | | महिला उद्यमशिलता अभिमुखिकरण कार्यक्रम | ३०००।० |
| १२ | बल सञ्जाल क्षमता विकास र अन्तरक्रिया कार्यक्रम | ५०००।० | वडास्तरीय | ४ | बाल सञ्जाल क्षमता विकास र अन्तरक्रिया कार्यक्रम | ३०००।० |
| १३ | एक घर एक करेसाबारी जनजागरण टो वि.स | ६०००।० | वडास्तरीय | ४ | एक घर एक करेसाबारी जनजागरण टो वि.स | ३०००।० |
| | | | | ४ | ब्रहचारी प्रतिक्षालय निर्माण | ३०००।० |
| १४ | वडाको प्रगति विवरण | ५०००।० | वडास्तरीय | ४ | वडाको प्रगति विवरण | ३०००।० |
| | | | | ४ | ठुलीबेशी सापकोटाको कुलो निर्माण | २०००।० |
| १५ | टक्सार काउले नुवार कृस्ती ग्रामीण सडक मर्मत | १५००००।० | वडास्तरीय | ६ | टक्सार काउले नुवार खामपुर ग्रा.स. | ३७५०००।० |
| १६ | टक्सार काउले कृस्ती जोगीकुटी सडक स्तरोन्नती | २२५०००।० | नगरस्तरीय | ६ | | |
| १७ | पिङ हाल्ने डाँडादेखि माथिल्लो डाँडा गो वा. | ५०००।० | वडास्तरीय | ७ | जोगीबारी देखि पिङ.हाल्ने डाँडा गो वा. | ५०००।० |
| १८ | सेवा प्रवाह | २५००।० | वडास्तरीय | १० | वर्जा खेलमैदान | २५००।० |
| १९ | डिहीकुना नाला तथा ढल निकास | १५००००।० | वडास्तरीय | १० | डिहीकुना देखी थारा जाने गो. वा. | १५००००।० |
| २० | सपौदे देखी कालिका टोल ग्रामीण सडक | ५०००।० | वडास्तरीय | १० | राङखोला हुलाकी सडक | ५०००।० |
| २१ | नाला निर्माण कृष्ण तिमल्सिना घर निर | ५०००।० | वडास्तरीय | १० | राङखोला हुलाकी सडके | ५०००।० |
| २२ | कान्छिबजार नारायणगढ लुँदी चन्द्रकोट पेल्काचौर सडक | ३६००००।० | नगरस्तरीय | १० | कान्छिबजार नारायणगढ लुँदी चन्द्रकोट पेल्काचौर सडक डि.पी.आर निर्माण गर्ने | ३६००००।० |
| २३ | हुलाकी मार्ग सुम्रेखोला मार्ग | १८००००।० | नगरस्तरीय | १० | राङखोला हुलाकी सडक | ३६००००।० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | राङखोला हुलाकी सडक निर्माण | १८०००००।० | नगरस्तरीय | १० | | |
| २५ | आरुपाटा देखि गठिङ जाने गो. बा. | ५०००००।० | वडास्तरीय | १० | आरुपाटा देखि गठिङ जाने कच्ची सडक नि. | ५०००००।० |
| २६ | राङखोला झार्कीखोला ग्रा.स. | १००००००।० | वडास्तरीय | १० | राङखोला झार्कीखोला कच्ची सडक निर्माण | १००००००।० |
| २७ | सतौ रजस्थल सामुदायीक भवन | १८०००००।० | नगरस्तरीय | १४ | सतौ रजस्थल सामुदायीक भवन घडेरी खन्ने | १८०००००।० |
| २८ | लामीछानेथर ग्रामिण सडक | १००००००।० | नगरस्तरीय | १४ | लामीछानेथर गोरेटो बाटो निर्माण | १००००००।० |
| २९ | नागाचौर देउराली गोरेटो बाटो | ५०००००।० | वडास्तरीय | १४ | नागाचौर देउराली मोटर बाटो | ५०००००।० |
| ३० | सहकारी व्यवस्थापन तालिम शिवालय कृषि तथा पशुपालन सहकारी | ४०००००।० | वडास्तरीय | १४ | सहकारी व्यवस्थापन शिवालय कृषि तथा पशुपालन सहकारी | ४०००००।० |
| | **जम्मा रकम** | ३१,६०,०००।० | | | | ३१,६०,०००।० |

**निर्णय नं : २**

यस नगरपालिकाको वडा नं. १ मा रहेको सिटीहलको खालि जग्गामा पार्किङ्ग शुल्क संकलन गर्ने र बेसमेन्टको कोठाहरु तथा सो माथिको क्याफे सञ्चालनको कोठा भाडामा लगाउने साथै सिटीहलको अगाडी मालपोत लाईन तर्फ मुख्य गेटबाट समन्वय समितिको सपिङ्ग कम्प्लेक्ससम्मको लम्बाई ९२ फुट तथा पिछाड २४ फुट प्रयोग गर्न पाउने गरी अस्थाई संरचना निर्माण गरी ५ वर्षसम्म सञ्चालन गर्न दिने र सो वापत उक्त अवधिमा सो संस्थाले मू.अ.कर समेत गरी रु.४३,७४,६१३।- नगरपालिकामा दाखिला गर्ने गरी ठेक्का बन्दोबस्त भई सम्झौता समेत भई सकेकोले नगर प्रमुखबाट निर्णय गरी भए गरेको सर्मूपूण प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

नगर कार्यपालिकाको मिति २०७८/८/२९ को बैठकले टेम्पो, अटोरिक्सा, रिक्सा व्यवस्थापन कार्यविधि (पहिलो संशोधन) २०७५ पारित गरी टेम्पो, अटोरिक्सा, रिक्सा सवारी धनीले प्रत्येक छ महिनामा दस्तुर तिरी रुट ईजाजत लिनु पर्ने व्यवस्थालाई संशोधन गरी वार्षिक रुपमा रुट ईजाजत नविकरण गर्ने व्यवस्था गरी ईजाजत दस्तुर निम्नानुसार कायम गरेकोले सो दस्तुरको दररेटलाई पारितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) रिक्साकोरुट ईजाजत नविकरण वार्षिक दस्तुर रु. २०००।-
(ख) अटोरिक्साको रुट ईजाजत नविकरण वार्षिक दस्तुर रु. ६०००।-
(ग) टेम्पोको रुट ईजाजत नविकरण वार्षिक दस्तुर रु. ६०००।-
(घ) ई रिक्साको रुट ईजाजत नविकरण वार्षिक दस्तुर रु. ३०००।-

त्यस्तै गरी नगरसभा नबसेको समयमा नगरसभाले गर्ने काम गर्नको लागि नबौ नगरसभाबाट कार्यपालिकालाई अधिकार प्रत्यायोजन भए अनुसार विभिन्न मितिमा बसेका कार्यपालिकाका बैठकले निर्णय गरी कार्यान्वयन भएका तपसिल बमोजिमका राजस्व दररेटहरुलाई अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) टेम्पो तथा अटो रिक्सा सञ्चालन सम्बन्धी संस्था दर्ता शुल्क रु.१०,०००।-
(ख) टेम्पो तथा अटो रिक्सा सञ्चालन सम्बन्धी संस्थाको वार्षिक शुल्क रु.५,०००।-
(ग) ईन्जिनियरीङ्ग सेवा उपलब्ध गराउने निजी फर्मको अभिलेखीकरण शुल्क रु.१०,०००।-
(घ) ईन्जिनियरीङ्ग सेवा उपलब्ध गराउने निजी फर्मको वार्षिक नविकरण शुल्क रु.७,५००।-

**निर्णय नं ४**

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट मिति २०७८ पौष ३० गते प्रकाशन भएको नवप्रवर्तन साझेदारी कोषमा प्रस्ताव पेश गर्ने बारेको सूचना अनुसार यस नगरपालिकाको तर्फबाट **सूचना प्रविधियुक्त सेवा प्रवाह र कृषि उत्पादन तथा व्यवस्थापन प्रणाली विकास कार्यक्रम**को प्रस्ताव तयार गरी पेश गर्ने र सो कार्यक्रम कार्यान्वयनको लागि निम्न बमोजिमको कार्यान्वयन समिति गठन गर्ने साथै प्रस्ताव अनुसारको आवश्यक लागत साझेदारीको रकम समेत व्यहोर्ने निर्णय गरियो ।

तपसिल :

(क) सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक - संयोजक
(ख) सामाजिक विकास समितिका संयोजक - सदस्य
(ग) आर्थिक विकास समितिका संयोजक - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) सूचना प्रविधि अधिकृत - सदस्य
(च) योजना तथा अनुगमन अधिकृत - सदस्य सचिव

**निर्णय नं ५**

यस नगरपालिकाको सहमती तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/८/२५ निर्णय बमोजिम लमजुङ्ग जिल्ला मर्स्याङ्दी गाउँपालिकाबाट यस नगरपालिकामा सरुवा भई आएका आ.ले.प. सहायक पाचौं पदका श्री नेत्रनारायण अधिकारीलाई मिति २०७८/९/२९ को कार्यपालिका बैठकको निर्णय अनुसार हाँजीर गराई कामकाज गराई सकिएको र नगरपालिकाको संगठन संरचना तथा स्वीकृत दरबन्दीमा आ.ले.प. सहायक पाचौं पद नभएकोले सो पदको दरबन्दी सृजना गर्नु पर्ने भएको छ । त्यस्तै गरी यस नगरपालिका वडा नं. १० को राङ्खोलामा आधारभुत शहरी स्वास्थ्य केन्द्र स्थापना भई सकेको तर सोको लागि आवश्यक कर्मचारीको दरबन्दी सृजना नभएकोले संगठन संरचनामा आधारभुत शहरी स्वास्थ्य केन्द्र संख्या १ थप गरी निम्नानुसारको दरबन्दी सृजना गर्नको लागि नगरसभामा सिफारिश गर्ने निर्णय गरियो ।

| क्र.सं. | शाखा /एकाई | सेवा /समूह | पदको नाम | तह | दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | आन्तरिक लेखा परीक्षण एकाई | प्रशासन/लेखा | आ.ले.प. सहायक | पाचौं | १ (एक) |
| २ | आधारभुत शहरी स्वास्थ्य केन्द्र, राङ्खोला | स्वास्थ्य/हे.ई. | अ.हे.ब. | चौथो | १ (एक) |
| ३ | आधारभुत शहरी स्वास्थ्य केन्द्र, राङ्खोला | प्रशासन/सा.प्र. | कार्यालय सहयोगी | श्रेणी बिहिन | १ (एक) |

**निर्णय नं ६**

यस नगरपालिकाको वडा नं. ३ मा रहेको आँधिखोला, बाडखोला र अरौदीखोलाको संगमस्थललाई त्रिवेणीधाम बनाउने भनी गत वर्ष DPR र IEEगर्न भनी परामर्शदाता श्री श्रेष्ठ ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.ली काठमाडौलाई जिम्मा दिईएकोमा DPR को कार्य गत वर्ष नै सम्पन्न भएको र IEEको प्रतिवेदन पेश भएकोमा पुतलीबजार नगरपालिकाको वातावरणीय अध्ययन कार्यविधि, २०७८ को दफा ७ (२) बमोजिम नगर प्रमुखले दफा १४ बमोजिम प्राविधिक समिति गठन गरी प्रारम्भिक वातावरणीय प्रतिवेदन उपर अध्ययन, विश्लेषण तथा पुनरावलोकनको लागि पठाईएकोमा सो प्राविधिक समितिको सिफारिश अनुसार वातावरणीय अध्ययन कार्यविधि, २०७८ को दफा ७ (४) बमोजिम उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :**

यस नगरपालिकाको लेखा समितिले पुतलीबजार नगरपालिका आर्थिक कार्यविधि नियमीत तथा व्यवस्थित गर्न बनेको ऐन २०७५ को दफा २० को उपदफा (४) बमोजिम विभिन्न आर्थिक वर्षको अन्तिम लेखा परीक्षण हुँदा प्रक्रियागत त्रुटी भई नियमीत गर्ने भनी औल्याईएका बेरुजुहरु मध्ये बेही बेरुजुका हकमा आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम पुऱ्याउनु पर्ने प्रक्रियागत त्रुटी भएको भएतापनि यथार्थ रुपमा काम सम्पन्न भएको र सरकारी हानी नोक्सानी नभएको बेरुजु रकम रु.३,२४,९१,९९२।- नियमीतको लागि नगरसभामा पेश गर्न प्रतिवेदन सहित पेश हुन आएकोले सो बेरुजु नियमीतको लागि नगरसभामा सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :**

नगर कार्यपालिकाको कार्यालयले यस नगरपालिका क्षेत्रभित्र सञ्चालितटेम्पो, अटोरिक्सा, रिक्साले २०७८ पौष मसान्त भित्र रुट ईजाजत नलिएकाले रुट ईजाजत लिनको लागि तथा रुट ईजाजत लिई सकेका सवारी साधनले नविकरण गर्नको लागि म्याद तोकिएकोमा कतिपय सवारी साधन धनीले सो म्याद थपको लागि आग्रह गरेकोले रुट ईजाजत लिनको लागि तथा नविकरणको लागि २०७८ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं : ९**

पत्रकार महासंघ शाखा स्याङ्जाको मिति २०७८/१०/१४ को पत्रानुसार त्यस नगर कार्यपालिकाको मिति २०७६/४/१० को निर्णयानुसार यस महासंघलाई भवन निर्माण गर्नको लागि पुतलीबजार नगरपालिका वडा नं. १ स्थित साविक स्याङ्जा पुतलीबजार ९ को कित्ता नं. १७९१ को ३-९-३-३ मध्ये ०-१-३-२ जग्गा उपलब्ध गराईएकोमा उक्त जग्गा भवन निर्माण गर्न नपुग हुने भएकोले थप ०-३-०-० जग्गा उपलब्ध गराई दिन अनुरोध भइ आएकोले सोही कित्ताबाट यस भन्दा अगाडि उपलब्ध गराईएको जग्गासंगै जोडिएको क्षेत्रबाट जग्गाको स्वामित्व नगरपालिका कै रहने गरी ०-२-०-२ जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं : १०**

आर्थिक वर्ष २०७८/७९ को लागि नगरसभाले पारित गरेका सबै योजनाहरुको सम्झौता गर्ने कार्य अझै बाँकी रहेकोले नगरसभाबाट पारित भएका तथा विभिन्न कोषबाट खर्च गर्ने गरी कार्यपालिकाबाट रकम बिनियोजन भएका योजनाहरुको सम्झौता गर्ने समयावधि २०७८ फाल्गुण १५ सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं : ११**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा (१) र (२) बमोजिमका विवादहरुलाई मेलमिलापको माध्यमबाट वडास्तरमा नै निरुपण गर्नको लागि यस नगरपालिकाले तालिम उपलब्ध गराईएका मेलमिलापकर्ताहरु ५४ जना र प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालबाट तालिम उपलब्ध गराईएका मेलमिलापकर्ताहरु ५६ जना गरी वडास्तरमा ११० जना मेलमिलापकर्ताहरु रहनु भएकोछ । मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ९ मा मुद्दा हेर्ने निकाय, स्थानीय निकाय वा मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले प्रत्येक वर्ष मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेकोले ११० जना मेलमिलापकर्ताहरुको सूचीलाई सूचीकरण गरी अद्यावधिक गर्ने निर्णय गरियो ।

**निर्णय नं : १२**

यस नगरपालिकालाई पूर्ण सरसफाई युक्त नगरपालिका घोषण गर्नको लागि पूर्ण सरसफाई मार्गदर्शन २०७३ को दफा ६ मा उल्लेखित सूचकहरुको सम्बन्धमा सबै वडाहरुमा अध्ययन गर्ने, उक्त सूचकहरुको परिपूर्तिको लागि

नगरपालिकाले गर्नु पर्ने कार्यहरुको सिफारिश तथा आवश्यक सहजीकरणको लागि मिति २०७८/१०/१४ गतेको कार्यपालिका बैठकले गठन गरेको कार्यदललाई पूर्नगठन गरी निम्नानुसारका पदाधिकारीहरु भएको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| (क) | उपप्रमुख | - संयोजक |
| (ख) | वडा अध्यक्ष वडा नं. १ | - सदस्य |
| (ग) | वडा अध्यक्ष वडा नं. ३ | - सदस्य |
| (घ) | वडा अध्यक्ष वडा नं. ४ | - सदस्य |
| (ङ) | वडा अध्यक्ष वडा नं. ७ | - सदस्य |
| (च) | वडा अध्यक्ष वडा नं. १० | - सदस्य |
| (छ) | वडा अध्यक्ष वडा नं. ११ | - सदस्य |
| (च) | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | - सदस्य सचिव |